संस्कृति

# नचारू: मगर संस्कृतिको विविध नाँच

"नचारू" "नाचारू" बाट बनेको शब्द हो । नाचारू भनेको राम्रो सिँगार गरेर अभिनय गरी नाँच्ने व्यक्ति भनी मगर भाषामा बुझिन्छ । अर्थात् विशेष भेषभुषा, गहना लगाएर राम्रो बनी नाँच्ने हुँदा 'ना' 'चा' 'रू' तथा त्यो राम्रो मानिस भन्ने अर्थ रहेको हो, भनिन्छ ।

मगर संस्कृतिमा नचारूभित्र परम्परागत नाच पैस्यारू, सरङ्गे, बजौरे, सिङ्डारू, ढोटा, जुगी पर्दछन् । यी नाचमा कुनैमा ताल मात्र र कुनैमा ताल र गीत प्रयोग हुन्छ ।

१) पैस्यारू- "पै" भनेको कोशी र 'स्यारू' भनेको नाच्ने मानिस हो । यसको अर्थ कोशीजस्तै गोलो भएर नाच्ने नाच । सुरूवाल-भोटी लगाई, पगरी गुथेका १०/२० जना पुरूषहरू गोलो भएर उभिन्छन् । अगाडीबाट एकजना ठूलो मादल भिरेको मानिस र झ्याली बजाउने मानिसहरू मादल-झ्याली बजाउन थाल्छन् । मादल र झ्यालीको ताल यसरी शुरू हुन्छ नाङन नाङ्न, नाङनताङ झेनाङ, झेताङ-झेनाङ, गिन्तागिनाङ-नाङ-गिन्तगिनङिनाङ, नाङ गिनबाट बाजाको समाप्ती हुन्छ । एकजनाले आकर्षक बाँसुरीको धुन दिन्छ । सबभन्दा अगाडि नाच्नेलाई हात स्याने भनिन्छ । सबैले खुट्टामा पैजन लगाएर मीठो धुनमा हात स्यानेको ताल मिलाएर हररर हऽऽऽ भन्दै अगाडि पछाडि कदम चाल्दै नाच्दछन् । मादलको ताल बन्द भएपछि नाच रोकेर बाजा र आफूभन्दा जेठाहरूलाई क्रमैसँग ढोग्छन् ।

२) सरङ्डे- सरङ भनेको मगर भाषामा नक्कल वा अभिनय गर्नु हुन्छ । सरङ्डे भनेको अभिनय गर्ने व्यक्ति भन्ने बुझिन्छ । मजुरको प्वाँखलाई गर्ला बनाएर पिठ्यूमा बाँधी चर्ना, लजौती तथा पेटे लाएर टाउकोमा पुल्ते गलबन्दी र खुट्टामा पुल्ते जुराप तथा पेतेमा कम्पनीके ताङ्ङ तथा बाला, मुन्दरी, लजौतीमा पिपल पाता लगाएर बनाएको विशेष पोशाक हुन्छ । एकजना स्यानु मादल बजाउने र एक जना डौडी बजाउनेहरू बाजा बनाउन थाल्छन् । ३-८ जोडी सरङ्डे नचारू हातमा अलंका लिएर घेरामा उभिन्छन् । मादल र डौडी गिन-गिन-गिन, गिन्ताङ गिन्गीनाङ, गिन्ताङ गिन्गीनाङ, गोरगोंज्यान गोरगोज्यान गर्दै बाजाको तालमा हात स्यानेले शुरू गर्दछ र एउटा खुट्टा उचालेर अलकाको दुई छेउ दुई हातको चोर औंलाले समातेर फनक्कै घुम्दछन् । अनि बाजाको ताल फेरिँदै जाँदा बस्ने उठ्ने, अलंका जुझाउने कला



कालाशेष, रोल्पाको सरङ्डे नाँच



रूकुमको सरङडे नाँच

देखाउँछन् बीचमा भलीभाई भलीभाई, भलजी भलजी, ओवर्कै ओवर्कै भन्दै एउटा घुँडा टेकेर दुई ग्रुपमा गीत उच्चारण गर्दछन् । फेरि उठेर कडा परिश्रममा नाँच्छन् । अनि अगाडि पछाडि विभिन्न अभिनयमा नाँचेपछि नाचको विसर्जन हुन्छ । यसमा पनि नाचको शुरूमा र अन्त्यमा बाजा र आफूभन्दा जेठोलाई क्रमैसँग ढोग गर्दछन् ।

३) बजौरेः यो नाच सरङ्डे कै कलाकारहरू दुईजना दक्ष युवकलाई छानेर अझ कठिन नाच नचाइन्छ । खास गरी दानमा पर्याकिएको पैसालाई भूँईमा खस्न नदिएर माथि नै छोप्ने, यदि खस्यो भने चार पाउ टेकेर उत्तानोबाट मुखले भूँईमा खसेको पैसा टिप्ने आकर्षक कलाको प्रदर्शन हुन्छ ।

४) सिङ्डारूः स्याडारूबाट सिङ्डारू शब्द बनेको छ । "स्या" भनेको नाच र "डारू" भनेको मेरो मानिस वा कलाकार भन्ने जनाउँछ । एकजना युवकलाई घागर, चोलो, टाउकोमा रुमाल, पटुका, बाला, हार अझ नाक पनि छेडेर नत्थ्य, फुलीसमेत लगाई नचाइन्छ । स्यानु मादल बजाउने र मजदुरा बजाउने मानिसहरू साथमा घुम्द नाच्दछन् । यसमा विभिन्न गीत र तालबाट नचाइन्छ । गीतमा नाच नानी नाच ! अथवा नक्कल पारी नाची छौ नानी ! भन्ने अनेक गीत गाउँछन् । गुरूको साथमा एकजना युवक फेटा बाँधेर गलामा सेतो रातो पछ्यौरा लट्काएर मादले र मजुराबालाको साथमा नाच्दछन् ।

यसरी नाच्नेलाई ढोटा भनिन्छ । ढोटाको टुटा (फकाउ) भन्ने अर्थ हुन्छ । सिङारूलाई घुमाएर प्रेमीको रूपमा नाँच्दछन् । अथवा केटी फकाउने अभिनय भएको हुँदा टुटाबाट ढोटा भनिएको हो । यो नाँच टकसेरा, हुकाम, मैकोतमा १५-२० जना युवकहरू सेतो घागर, सेतो सुरूवाल, खुट्टामा पैजन तथा टाउकामा सेतो पगरी गुथेर हातमा तरवाली- भुजेली नचाउँदै गोलो घेरा, घुमेर नाँच्ने चलन छ । ढोटा नाँचलाई लुम्बिनी, गण्डकी तथा दाङ जिल्लाको लेकाली भेग कान्तातिर पुरूपूङ्के नाच भन्दछन् ।

५) जुगीः गीतमा "करमको जुगी होइन, म ता लहरको जुगी हो ।" भनेर गाउँछन् र पोशाक चाहिँ सरङ्डे नाचको जस्तै हुन्छ र मुखमा खप्पर (मास्क) लगाई हातमा डङ्डे लिएर ठूलो जुगीले चार दिशाको

परन्त भन्छ । स्यानु जुगीले ठट्याउली गर्छ । नाचघरमा भित्र जाँदा ढोकामा भावुक गीत गाउँदै सँघारमा पाती राखेर भित्र प्रवेश गर्दछन् । घरमा राखिएको घैटाको जाँर डङ्डेले झिकेर खान्छन् । अनि बाहिर आएर बारीमा भएको फलफूल टिपेर नचारू समूहलाई दिन्छन् । सिङ्डारू र ढोटाको साथ नाच्छन् पनि । खासगरि जुगीहरू हास्य कलाकार हुन् । यी माथिका विभिन्न मगर संस्कृतिमा आधारित कलाकारलाई नचारू (नाचारू) भनिन्छ ।

मगर समाजमा दुइ ऋतु उधेली र उभेली भन्ने चलन छ । खास गरी उधेली भदौ देखि माघसम्म र उभेली फागुनदेखि श्रावणसम्मको दिनलाई छुट्टाइन्छ । उधेली समयमा हिमालका भेडा बाख्रा दक्षिण भेग गर्मी ठाउँतिर लैजाने, रोजगारीमा तराईतिर मानिसहरू जाने चलन अथवा उध भनेको तल हुन्छ भने, जब गर्मी शुरू हुन्छ, मानिसहरू उत्तर (माथितिर) आउने हुँदा उभबाट उभेली भएको हुन सक्छ । उभेली समय गर्मी र वर्षा तथा खेतीपातीको मौसममा किसानहरू आ-आफ्नो काममा व्यस्त हुने, हिमालको जनेस (जडीबुटी) खन्ने काममा बेफुर्सद भएर होला, माघ देखि बाजा-गाजाहरू कलपी पसिन्या भन्ने चलन छ । बैशाख जेठतिर पहिला पहिला डौडी मादल बजायो भने टाढाको गाउँबाट गाली गर्ने चलन थियो, कलपी पसेको बाजा बजायो भनेर उभेलीमा बाजा खाली पुरूष मर्दा वन लैजाने बखत मात्र बजाउने परम्परा रहेको थियो ।

जब भूमे सक्रान्तिका दिन थलामा बाजा बजाउँछन् र महिला पुरूष बुढा बुढी केटा केटी नाँच्दछन् । खास गरी भूमेमा डौडी मादल भन्दा दमा र छ्लेर बाजाको प्रचलन हुन्छ । भदौ लाग्यो भने मात्र मादल, डौडी, पैजन, बासुरी मजुरा, झ्याली फुकिन्छ । नचारू र जोग्याल्नी ओखला पस्ने समयको शुरू हुन्छ । ओखला पस्ने इच्छा गरेर ८/१० जना युवकहरू सल्लाह गरी मन परेको गुर (गुरूवा) खोजेर अनुरोध गर्छन्, अनि चोखो ठाउँमा थान बनाएर मान राखेर पूजा गरी ओखला पस्छन् । खास गरी ओखला सिंगारू ढोटा तथा जुगी नाँचको लागि विधिवत नाँच्नु पर्ने हुँदा यस्तो प्रक्रिया गरिन्छ । पैस्यारू, सरङ्डे, बजौरे नाँचमा ओखला जरूरी पर्दैन

हुन् त सिडारू, ढोटा, जुगी नाँच्दा पहिला दिनमा सरङ्‌-बजौरे र रातमा पैस्यारू नाँच्दछन् । यसरी थलामा दर्शक जम्मा भैसके पछि सिडारू, ढोटा र जुगी निकालिन्छ । रातीमा जुगी नाँच गरिदैन ।

ओखला छुने नाँच शुरू भएको करीब महिना दिन जति मान राख्ने नाँचो मात्र हुन्छ । त्यस समयमा पहिलो छोरा जन्मेको घरहरूमा पुठु झार्ने (दान मार्ने) नाँच गर्छन् । सिडारू, ढोटा, जुगी, सरङ्‌, बजौरेहरूले विशेष दिन साहेत जुराएर पोशाक लगाउने गर्छन् । त्यसपछि दे पसिन्या (अरू गाउँतिर नाँच्न जाने) काम शुरू हुन्छ । अमालहरूको घरमा नाँच्ने तथा रमा (झाँक्री), धामिको गोरमा, जैसी घर, गुरघर, मुलमा, देउरालीको मान डौडी मादल, झ्यालीबाट मानचाला बजाउन जान्छन् । कुनै गाउँमा पुगेपछि कहाँ कहाँ मान राख्नु पर्ने ५/७ जना युवकहरू घुम्दै सर्वप्रथम मान राख्छन् । यो शिष्टता र सुरक्षा हो । त्यस पछि नाँच्ने थलालाई गुरूले मन्त्रद्वारा पोअन्या (बन्दनमा राख्ने) काम गर्छन् नाँच शुरू हुन्छ । मगर समाजमा तन्त्र मन्त्रको पनि ठूलो महत्व छ । कुनै कुनै ठाउँमा बाजा नबज्ने नचारूहरू बेहोस हुने, जुगीको खप्पर खस्ने आदि घटना हुन्छ । अनि सिपालु गुरूले आफ्नो मन्त्र शुरू गरेर त्यस्तो मानिसलाई सार्वजनिक गरी दिन्छ । मन्त्रद्वारा नै त्यस्तो मानिसको विशेष लक्षण देखाई दिन्छ । नचारूको गुरू, जोन्याल्नीको गुरूमी सिपालु मन्त्र जान्ने हुन्छन् ।

सिडारू, ढोटा, जुगी नाँच्ने पछि गाउँका अरमनी (महिला) हरूले ली (जांड) तथा अरू अर्नी (खाजा) बनाएर थलामा बसाली दिन्छन् । अन्तिममा दामचाला गीत तथा बिदावारी गीत गाउँदै सिडारू र ढोटाले पछ्यौराको छेउ समातेर निहुरेर नाँच्दछन् । थलामा गाउँको दान बसालिन्छ । गाउँका तरूनीहरूले सिडारू र ढोटाको पछ्यौरामा पारसी गाँसेर स्थानीय झुली रूमाल टाँड दिन्छन् । यस्तै जोन्याल्नीलाई पनि जुन गाउँमा गएर नाँच्छन्, डाँफेन्हरूलाई पनि तन्नेरीहरूले पारसी गाँसेर सोही अनुसार पछ्यौरामा गाँसी दिन्छन् । जुन गाउँको झुली रूमाल हो, सोही गाउँमा विदावारी हुँदा जसले दिएका हुन्, उनैलाई छोडि दिने बहादुर ठान्दछन् झुली रूमाल जता छोड्न सकियो, उतै रूपा खोकी लाग्छ भन्ने विश्वास राख्दछन् ।

नाँचो पछि एक गाउँबाट अर्को गाउँ जान थाल्छन् । बाजा बजाउँदै नचारू हिंडे भने गाउँका तरूनीहरू बिदावारीको तुल्न्या रे (पठाउने गीत) गाउँदै केही परसम्म पुर्‍याउँछन् । ककड खन्छन्, कठोटा हाल्छन् । नचारूले झुली रूमाल छाड्छन् भनेर तरूनीहरू सतर्क रहन्छन् । तापनि झुलाएर कुनै ठाउँमा राखि दिन्छन् । यदि तरूनीले भेट्टाउन भने निके टाढा पुगेर कठोटाबाट झुली रूमाल छोडेको बताउँछन् । तन्नेरी तरूनी दुवै गुनबाट तगडा छुनेर झुली रूमाल फाल्ने तोक्छन् । जितेर आए पछि स्याबासी दिन्छन् । हारेमा धत्तेरी भन्छन् । एक गाउँबाट अर्को गाउँ बीचमा जसले सक्यो, जित्ने तर गाउँ भित्र गएर यसरी बाजी गऱ्यो भने अपमान भएको महशुस हुन्छ । यो प्रक्रिया जोन्याल्नीहरूमा पनि हुन्छ । यसरी गाउँ गाउँमा नाँच्ने नाचोलाई दे पसिन्या भन्दछन् । जब नाँचेर आफ्नो गाउँमा आउँछन्, जहाँ ओखला पसेका हुन्, त्यस घरलाई थरी रूजीम (थरी घर) भन्ने चलन हुन्छ । नचारूको नामबाट बनेको स्यो ली (गाउँले अन्न जम्मा गरेर बनाएको जाँड) राखिएको हुन्छ । एउटा सुङुर वा भैसा किन्छन् । ४-५ दिन थरी रूजीममा नाँच्दछन् ।

वै ओडाईन्या-मंसिर अन्तिम तथा पुष १५ भित्र वै (फूल) उडाउँछन् थरी रूजीममा नाँचे पछि स्याई पलान्या (फुकिने) दिन सबै नचारूले आ-आफ्नो नाउँको वै (फूल) गुन्छा वा थुङ्गा एउटा च्यादर (तन्ना) मा राख्छन् र अरू नचारू घरको छानोमुनि बस्छन् दुइजनाले जुनतारा देखिने आगन बीचमा तन्नाको चार कुना तन्काएर एकै चोटी आकाशतिर फाल्छन् । धेरै फूल एकै ठाउँमा जम्मा भएर खस्छ, कुनै फूल चाँहि अलग खस्छ । त्यसरी खसेको फूलको हुलिया चिनेर साथ छुट्ने वा मर्नसम्म सक्ने भविष्यवाणी गर्छन् र त्यस्तो मानिस चिन्तित पनि हुन्छ ।

वै (फूल) उडाउने प्रक्रियामा जोन्याल्नीहरू अझ भावुक हुन्छन् । शायद नारी हृदय कोमल भएर होला । बढी रून्छन् र वै उडाए पछि साथी छुट्ने अनिवार्य हुन्छ । धेरै मिलेका साथीहरू नाँच अवधिको कुरा सम्झँदै हुक्क हुक्क गर्दै रून्छन् । यो क्षण ज्यादै अविस्मरणीय हुन्छ नचारू र जोन्याल्नीको लागि ।

2014 12 29

Nacharu, konja marum, year 1, number 1, Chaitra 2055